कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपाल

म अघि बढ्छु कार्यक्रमको जिल्ला संयोजक पदका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

दोस्रो पटक

प्रकाशन मितिः २०८३/०७/२० गते

कोशी प्रदेशभित्रका विद्यालयमा कक्षा ९ देखि १२ कक्षासम्म अध्ययनरत किशोर किशोरीलाई शैक्षिक सचेतना सहितको प्रोत्साहन प्रदान गर्दै लागु औषध, साईवर सुरक्षा, सामाजिक सञ्जालको सही प्रयोग तथा विपद् व्यवस्थापन जस्ता कार्यमा अग्रणी भूमिका निर्वाह गर्ने वातावरणको सिर्जना गरी सभ्य समाज निर्माणका लागि त्यस्ता किशोर किशोरीलाई "म अघि बढ्छु" भन्ने भावनाको विकास गर्न र नैतिक, चरित्रवान, जिम्मेवार र असल नागरिकका रुपमा समाजमा स्थापित गर्न आवश्यक संरचनागत व्यवस्था गरी कार्यक्रम सञ्चालनका लागि व्यवस्था भएको म अघि बढ्छु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को दफा १२ बमोजिमका कार्यक्रम समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजकको पदमा देहाय बमोजिमको योग्यता भएका ईच्छुक नेपाली नागरिकबाट आफ्नो बायोडाटा तथा तोकिएको आवश्यक न्यूनतम योग्यताका कागजात समेत संलग्न राखी यस मन्त्रालयबाट मिति २०८३/७/११ गते सूचना प्रकाशित भएकोमा भोजपुर जिल्लाका लागि कुनै उम्मेदवारको दरखास्त नपरेको हुनाले यो सूचना प्रकाशन भएको मितिले मिति २०८३/०८/२ गते कार्यालय समयभित्र मन्त्रालयको प्रशासन शाखामा वा मन्त्रालयको ई-मेल info.moial@koshi.gov.np मार्फत निवेदन पेश गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक पद तथा संख्या

क.स.	पद नाम	संख्या	कैफियत
१	जिल्ला संयोजक	१ (एक)	भोजपुर जिल्लाका लागि

आवश्यक न्यूनतम योग्यताः

क) जिल्ला संयोजकको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उपाधि प्राप्त गरी लागु औषध वा विपद् व्यवस्थापन वा बाल अधिकार वा सामाजिक क्षेत्रमा कम्तीमा तीन वर्ष अनुभव प्राप्त गरेको;

ख) एकाइस बर्ष उमेर पूरा भएको,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको।

छनौट विधिः म अघि बढ्छु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को दफा १३ बमोजिमको छनौट विधि अपनाईनेछ।

पुनश्चः

क) ख) जिल्ला संयोजकले निवेदन दिँदा कार्य गर्न चाहेको जिल्ला खुलाउनु पर्नेछ।

ख) आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टलाई अन्तिम दिन मानिनेछ।

ग) भोजपुर जिल्लाको लागि दरखास्त आवेदन पेस गरेका उम्मेदवारहरूको अन्तर्वार्ता समेत मिति २०८३/८/१० गते बिहान ११:०० बजेदेखि सञ्चालन हुने व्यहोरा जानकारीका लागि अनुरोध छ।

06/20

उपस